नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं
(नीति योजना शाखा)

पत्र संख्या: २०८२ ।०८३
च.नं ११४३

फोन नः ०१-४१००२२३
टोल फ्रि: १६६००११११२२४
बबरमहल, काठमाडौं

मितिः २०८२।१०।१५

श्री सेवा प्रदायक स्वास्थ्य संस्थाहरु, (सबै)

विषयः अनावश्यक प्रेषण (Refer) सम्बन्धमा।

स्वास्थ्य बीमा बोर्डसँग सम्झौता गरी सेवा प्रदान गरिरहेका सेवा प्रदायक स्वास्थ्य संस्थाले आफ्नो संस्थामा सेवा पर्याप्त हुदाहुदै र हुनुपर्ने सेवा उपलब्ध गर्नुपर्नेमा स्वास्थ्य बीमा ऐन २०७४, स्वास्थ्य बीमा नियमावली,२०७५ तथा प्रेषण कार्यविधि,२०८० विपरीत अनावश्यक रुपमा प्रेषण गरेको पाईएकोले आफ्नो संस्थामा भईरहेको सेवालाई नजर अन्दाज गरी प्रेषण नगर्नुहुन अनुरोध छ।सेवा उपलब्ध गराउन नसक्ने भएमा स्वास्थ्य बीमा नियमावली,२०७५ को अनुसुची ९ बमोजिमको प्रेषण पुर्जी भरी त्यस्तो सेवा सुनिश्चित हुने गरी नजिकको स्वास्थ्य संस्थामा प्रेषण गर्नुहुन समेत अनुरोध छ। अनावश्यक प्रेषण गरेको पाईएमा दाबी मुल्याङ्कन तथा रुजु गर्दा त्यस्तो रकम सोधभर्ना नगरिने साथै स्वास्थ्य बीमा नियमावली २०७५ अनुसुची ८ को ४ (ग) बमोजिम सम्झौता स्थगन वा रद्द हुने व्यहोरा समेत निर्णयानुसार जानकारी गरिन्छ।

डा. पवन कुमार साह
वरिष्ठ मेडिकल सुपरिन्टेन्डेण्ट
प्रमुख,नीति योजना शाखा

बोधार्थ
श्री सूचना प्रविधि शाखा,स्वास्थ्य बीमा बोर्ड, सूचना Website मा प्रकाशित गर्नुहुन।